नेपाल सरकार
शिक्षक सेवा आयोग

# माध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाको सूचना

यस आयोगबाट देहायका विकास क्षेत्र अन्तर्गतका सामुदायिक विद्यालयमा मिति २०६३।०१।१० पश्चात रिक्त रहेका शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि निम्नबमोजिम विज्ञापन प्रकाशन गरिएको छ ।

## नेपाली

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १०११/०७२/७३ | महिला १०१२/०७२/७३ | आदिवासी/ जनजाति १०१५/०७२/७३ | मधेशी १०१६/०७२/७३ | दलित १०१७/०७२/७३ | अपाङ्गता १०१८/०७२/७३ | पिछडिएको क्षेत्र १०१९/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | ९ | ३ | २ | २ | १ | | | १७ |
| २ | मध्यमाञ्चल | १४ | ४ | ३ | २ | १ | १ | | २५ |
| ३ | पश्चिमाञ्चल | १९ | ५ | ४ | ४ | १ | १ | १ | ३५ |
| ४ | मध्यपश्चिमाञ्चल | ८ | २ | २ | १ | १ | | | १४ |
| ५ | सूदुरपश्चिमाञ्चल | ९ | २ | २ | २ | १ | | | १६ |

## अंग्रेजी

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १०२१/०७२/७३ | महिला १०२२/०७२/७३ | आदिवासी/ जनजाति १०२५/०७२/७३ | मधेशी १०२६/०७२/७३ | दलित १०२७/०७२/७३ | अपाङ्गता १०२८/०७२/७३ | पिछडिएको क्षेत्र १०२९/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | १४ | ४ | ३ | ३ | १ | १ | | २६ |
| २ | मध्यमाञ्चल | १७ | ४ | ३ | ३ | १ | १ | १ | ३० |
| ३ | पश्चिमाञ्चल | २४ | ६ | ५ | ४ | २ | १ | १ | ४३ |
| ४ | मध्यपश्चिमाञ्चल | ९ | ३ | २ | २ | १ | | | १७ |
| ५ | सूदुरपश्चिमाञ्चल | ७ | २ | १ | १ | १ | | | १२ |

## गणित

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १०३१/०७२/७३ | महिला १०३२/०७२/७३ | आदिवासी/ जनजाति १०३५/०७२/७३ | मधेशी १०३६/०७२/७३ | दलित १०३७/०७२/७३ | अपाङ्गता १०३८/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | १२ | ३ | २ | २ | १ | १ | २१ |
| २ | मध्यमाञ्चल | १४ | ४ | ३ | ३ | १ | १ | २६ |
| ३ | पश्चिमाञ्चल | १२ | ३ | २ | २ | १ | १ | २१ |
| ४ | मध्यपश्चिमाञ्चल | ६ | २ | १ | १ | १ | | ११ |
| ५ | सूदुरपश्चिमाञ्चल | ५ | १ | १ | १ | १ | | ९ |

## विज्ञान

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १०४१/०७२/७३ | महिला १०४२/०७२/७३ | दलित महिला १०४३/०७२/७३ | आदिवासी/ जनजाति १०४५/०७२/७३ | मधेशी १०४६/०७२/७३ | दलित १०४७/०७२/७३ | अपाङ्गता १०४८/०७२/७३ | पिछडिएको क्षेत्र १०४९/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | २६ | १५* | | ६ | ५ | २ | २* | १ | ५७ |
| २ | मध्यमाञ्चल | ९ | २ | १* | २ | २ | ३* | | | १९ |
| ३ | पश्चिमाञ्चल | २६ | ७ | | ६ | ५ | २ | १ | २* | ४९ |
| ४ | मध्यपश्चिमाञ्चल | ७ | ३* | | २ | १ | १ | १* | | १५ |
| ५ | सूदुरपश्चिमाञ्चल | ४ | ३* | | २* | १ | | | | १० |

## सामाजिक

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १०५१/०७२/७३ | महिला १०५२/०७२/७३ | आदिवासी/ जनजाति १०५५/०७२/७३ | मधेशी १०५६/०७२/७३ | दलित १०५७/०७२/७३ | अपाङ्गता १०५८/०७२/७३ | पिछडिएको क्षेत्र १०५९/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | ९ | २ | २ | २ | १ | | | १६ |
| २ | मध्यमाञ्चल | १५ | ४ | ३ | ३ | १ | १ | १ | २८ |
| ३ | पश्चिमाञ्चल | १४ | ४ | ३ | २ | १ | १ | | २५ |
| ४ | मध्यपश्चिमाञ्चल | ८ | २ | २ | २ | १ | | | १५ |
| ५ | सूदुरपश्चिमाञ्चल | ५ | १ | १ | १ | १ | | | ९ |

## स्वास्थ्य जनसंख्या तथा वातावरण

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १०६१/०७२/७३ | महिला १०६२/०७२/७३ | आदिवासी/ जनजाति १०६५/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | मध्यमाञ्चल | ३ | १ | १ | ५ |
| २ | पश्चिमाञ्चल | १ | | | १ |
| ३ | मध्यपश्चिमाञ्चल | १ | | | १ |

## अर्थशास्त्र

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १०९१/०७२/७३ | महिला १०९२/०७२/७३ | आदिवासी/ जनजाति १०९५/०७२/७३ | मधेशी १०९६/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | पश्चिमाञ्चल | ३ | १ | १ | १ | ६ |

## कार्यालय सञ्चालन तथा लेखा

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला ११२१/०७२/७३ | महिला ११२२/०७२/७३ | आदिवासी/ जनजाति ११२५/०७२/७३ | मधेशी ११२६/०७२/७३ | दलित ११२७/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | २ | १ | | | | ३ |
| २ | मध्यमाञ्चल | ७ | २ | १ | १ | १ | १२ |
| ३ | पश्चिमाञ्चल | २ | १ | | | | ३ |
| ४ | मध्यपश्चिमाञ्चल | १ | | | | | १ |
| ५ | सूदुरपश्चिमाञ्चल | १ | | | | | १ |

## कम्प्युटर विज्ञान

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १२४१/०७२/७३ | महिला १२४२/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|
| १ | पश्चिमाञ्चल | २ | १ | ३ |

## शिक्षा

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला ११४१/०७२/७३ | महिला ११४२/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|
| १ | पश्चिमाञ्चल | १ | १ | २ |

## संस्कृत भाषा

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १२११/०७२/७३ | महिला १२१२/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|
| १ | पश्चिमाञ्चल | १ | १* | २ |

## संस्कृत साहित्य

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला १२८१/०७२/७३ | महिला १२८२/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|---|
| १ | मध्यमाञ्चल | १ | १ | २ |
| २ | सुदूरपश्चिमाञ्चल | १ | | १ |

## वेद

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला ११८१/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|
| १ | पश्चिमाञ्चल | १ | १ |

## कृषि शिक्षा

| क्र.सं. | समूह/ वि.नं. ⇨ क्षेत्र ⇩ | खुला ११३१/०७२/७३ | कुल जम्मा |
|---|---|---|---|
| १ | पश्चिमाञ्चल | १ | १ |

*गतवर्ष सिफारिस हुन नसकेको पदसंख्या समेत समावेश गरिएको

**परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र :** सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयले तोकेका केन्द्रहरु ।

**परीक्षा दस्तुर :** रु. १,०००।- र समावेशीका लागि प्रति समूह थप रु. ६००।-

**दरखास्त फाराम संकलन केन्द्र :**

| | |
|---|---|
| **पूर्वाञ्चल** | १. क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा |
| | २. जिल्ला शिक्षा कार्यालय, मोरङ्ग |
| **मध्यमाञ्चल** | १. क्षेत्रीय शिक्षा निर्देशनालय, हेटौंडा |
| | २. जिल्ला शिक्षा कार्यालय, ललितपुर |
| **पश्चिमाञ्चल** | १.क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा |
| | २.जिल्ला शिक्षा कार्यालय, रुपन्देही |
| **मध्यपश्चिमाञ्चल** | १. क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेत |
| | २. जिल्ला शिक्षा कार्यालय, दाङ |
| **सुदूरपश्चिमाञ्चल** | १. क्षेत्रीय शिक्षा निर्देशनालय, दिपायल |
| | २. जिल्ला शिक्षा कार्यालय, धनगढी |

**दरखास्त दिने अन्तिम मितिः** २०७२।१२।२९गते सम्म

**दोब्बर दस्तुरको अन्तिम मितिः** २०७३।१।०६ गतेसम्म

**लिखित परीक्षा हुने मिति :** २०७३।०३।०४ गते शनिबार, बिहान ११:०० बजेदेखि

**अन्तर्वार्ताको मिति, समय र स्थान :** लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अन्तर्वार्ताको मिति, समय र स्थान उल्लेख गरिनेछ ।

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम**

शिक्षक सेवा आयोगको विज्ञापन

क)	सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिने तालिम लिएको ।

स्पष्टीकरण: **“सम्बन्धित विषय”** भन्नाले आवेदन गरेको विषयलाई मूल विषय लिएको जनाउँछ।

ख)	सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिने तालिम प्राप्त गरेको ।

ग)	स्वास्थ्य जनसंख्या तथा बातावरण विषयमा उम्मेदवार हुनको लागि स्वास्थ्य/स्वास्थ्य र शारीरिक/जनसंख्या/वातावरण विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको ।

घ)	कुनै संकायबाट स्नातक तह पूरा गरी एकवर्षे बि.एड. गरेको व्यक्तिले स्नातक गरेको वा एकवर्षे बि.एड. गरेको विषयमध्ये कुनै एक विषयमा उम्मेदवार हुन सक्नेछ ।

ङ)	शिक्षा शास्त्र सङ्कायतर्फ स्नातक तह उत्तीर्ण गरेको भए यस प्रयोजनको लागि तालिम प्राप्त गरेको मानिने छ ।

च)	अङ्ग्रेजी, गणित, विज्ञान, कार्यालय सञ्चालन तथा लेखा, बाली विज्ञान र कम्प्युटर मूल विषय लिई स्नातक तह उत्तीर्ण गरेको व्यक्तिले हाल तालिम नलिएको भए पनि उम्मेदवार हुन सक्नेछ ।

२.	**<u>दरखास्त फाराम साथ पेस गर्नुपर्ने प्रमाणित कागजातहरु</u>**

- **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि**
- **शैक्षिक योग्यता (ट्रान्स्क्रिप्ट र चारित्रिक प्रमाणपत्र) का प्रतिलिपि**
- **प्राप्त तालिमको प्रमाणपत्रका प्रतिलिपि**
- **स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि**
- **उम्मेदवार कार्यरत स्थायी शिक्षक भए नियुक्ति पत्र र सेवा प्रमाणित**
- **समावेशी समूहका उम्मेदवारले समावेशी समूहको हो भनी सम्बन्धित निकायबाट प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि ।**

३.	समावेशी पदमा समेत उम्मेदवार हुने व्यक्तिहरुले दरखास्त फाराममा कुन कुन समूहमा उम्मेदवार हुने हो सो कुरा स्पष्टरुपमा खुलाउनु पर्नेछ । समावेशी तर्फको आदिवासी/जनजाति, मधेशी, दलित समूहमा उम्मेदवार हुने चाहने व्यक्तिले कुनै एक समूहमा मात्र आवेदन दिन सक्नेछन् । तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन ।

४.	दरखास्त दिने अन्तिम मितिभित्र तोकिएको शैक्षिक योग्यता र तालिम हासिल गरी सकेको हुनु पर्नेछ तर दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता र तालिम प्राप्त गर्ने अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

५.	विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको शैक्षिक योग्यताको समकक्षतासम्बन्धी प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेस गर्नु पर्नेछ ।

६.	खुला र समावेशी दुवै समूहको परीक्षा संयुक्त रुपमा लिइनेछ ।

७.	कुनै उम्मेदवारले झुट्टा विवरण/कागजात पेस गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द गरी कानुनबमोजिम कारवाही गरिनेछ ।

८.	विज्ञापन भएको २१ दिनभित्र शिक्षा विभागबाट पद संख्या थपघट गर्न लेखी आएमा तदनुरुप पद संख्या संशोधन गरिनेछ ।

९.	**<u>समावेशीतर्फका उम्मेदवारहरुले बुझाउनु पर्ने थप कागजातहरु</u>**

(क)	आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सोही सूचीमा सुचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित गराएको कागजात ।

(ख)	तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा

वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय भनी प्रमाणित गरेको कागजात र त्यसरी नतोकिएको भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय भनी प्रमाणित गरेको कागजात ।

(ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित भएको कागजात ।

(घ) अपाङ्गताका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाजकल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

(ङ) पिछडिएको क्षेत्रका सम्बन्धमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात ।

१०. दरखास्त फारामसाथ पेस गरिएका प्रमाणपत्रका प्रतिलिपिहरुलाई उम्मेदवार स्वयंले सक्कलबमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ ।

११. कार्यरत स्थायी शिक्षकको हकमा उमेरको हद लाग्ने छैन र त्यस्ता शिक्षकहरुले समान तहमा उम्मेदवार हुन पाउने छैनन् ।

१२. उम्मेदवारको उमेर दरखास्त बुझाउने अन्तिम मिति (२०७२ चैत्र २९ गते) सम्ममा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

**१३. उम्मेदवारले परीक्षामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ ।**

१४. उम्मेदवारहरुले यस सूचनामा उल्लेख भएका कुराहरुका अतिरिक्त शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

१५. दरखास्त फाराम र पाठ्यक्रम आयोगको वेबसाईट www.tsc.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

१६. परीक्षा केन्द्र सम्बन्धी जानकारी परीक्षा सञ्चालन हुने मिति भन्दा एक हप्ता अगाडि यस आयोगको वेबसाइटमा हेर्न सकिने छ । साथै सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरुमा समेत सो सम्बन्धी सूचना टाँस गरिनेछ ।

१७. कुनै पनि दरखास्त फाराम सर्त राखी स्वीकृत गरिने छैन ।